# नेपाल राष्ट्र बैंक

नेपालगञ्ज कार्यालयको

## सवारी साधन लिलामको सुचना

( शिलबन्दी बोलपत्रको लागि )

प्रथम पटक प्रकाशित मिति : २०६६/०७/१२

यस कार्यालयको देहाय बमोजिमको सवारी साधन जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्रि गर्नु पर्ने भएको हुनाले यो सूचना प्रकाशन गरी इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएकोमितिले २१ दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएकोछ ।

| लिलाम हुने सवारी साधन | ब्राण्ड | संख्या | न्यूनतम मूल्य प्रति गोटा |
|---|---|---|---|
| बा ३ च ६०९० | टोयोटा ल्याण्डक्रुजर | १ | ७,००,०००/०० |

१. लिलाम शिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति :
   क) स्थान : नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्ज
   ख) समय : दिउँसो १:३० बजे
   ग) मिति : २०६६/०८/०४

२. बोलपत्र साथ कबोल गरेको रकमको ५ प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको स.क्रे.हि.पार्टिमा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले तीस दिन मान्य अवधि रहेको बैंक जमानत (बैंक ग्यारेण्टी) बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।

३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिनभित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिने छ ।

४. बोलपत्र फाराम रु.७००।०० (रूपैंया सात सय मात्र) (फिर्ता नहुने गरी ) बुझाई यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिने छ ।

५. लिलाम हुने सवारी साधन हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १० बजेदेखि दिउँसो ४:०० बजेसम्म यस बैंकको कार्यालयमा सर्म्पक राख्न सकिन्छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) स्थायी लेखा नम्बर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

७. यो सूचना तथा बोलपत्रका शर्तहरु नेपाल राष्ट्र बैंकको वेवसाईट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।